का.जि.प्र.का.द.नं. १००/०५९/६०
१५ माघ २०८२
बिहीबार
29 January 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २४, अंक ७। पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# घातक निपाह भाइरस एसियामै त्रास

## ४० देखि ७५ प्रतिशतसम्म मृत्युदर

### संक्रमणको ४८ घण्टामै संक्रमित कोमामा

- १३ वटै सीमानाकामा सुरक्षा व्यवस्था कडा
- विमानस्थलमा 'हेल्प डेस्क'मार्फत स्क्रिनिङ

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १४ माघ

भारतको पश्चिम बंगाल राज्यमा देखिएको निपाह भाइरसले एसियामै त्रास सिर्जना गरेको छ। कुनै खोप वा औषधि समेत नबनिसकेको यो भाइरबाट बंगालका दुई जना संक्रमित भएपछि यसको त्रास बढेको हो। भारतमा यो भाइरस देखिएको भने पहिलोपटक होइन। सन् १९९८ मा मलेसियाबाट सुरु भएको यस भाइरसको प्रकोप सन् २००१ मा पनि पश्चिम बंगालमै देखिएको थियो। दोस्रोपटक सन् २०१८ मा केरला राज्यमा फैलिएको यस भाइरसबाट कम्तीमा १७ जनाको मृत्यु भएको थियो। सन् २०२३ मा पनि सोही राज्यमा दुई जनाको ज्यान गएको थियो।

त्यसबेला मानिसको ज्यानै लिएको भाइरस पुनः देखिनु खतराको संकेत भएको सरुवारोग विशेषज्ञ डा. शेरबहादुर पुन बताउँछन्। भारतको स्वास्थ्य मन्त्रालयले भने मंगलबार राति विज्ञप्ति जारी गर्दै उन्नत निगरानी, प्रयोगशाला परीक्षण तथा क्षेत्रीय अनुसन्धानमार्फत संक्रमण फैलिन नदिइएको बताएको छ। पृष्ठ २ मा



#### लक्षणहरू

सुरुमा ज्वरो, टाउको दुख्ने, खोकी, श्वासप्रश्वासमा समस्या हुन्छ। पछि मस्तिष्क सुन्निने (इन्सेफलाइटिस), कोमा र मृत्यु हुन सक्छ।

#### सर्ने तरिका

चमेरोले टोकेका वा दूषित फलफूल/खजुरको काँचो रस खाँदा र संक्रमित व्यक्तिको ऱ्याल, खकार वा शारीरिक सम्पर्कबाट (एक मानिसबाट अर्को मानिसमा) सर्न सक्छ।

#### रोकथामका उपायहरू

- काँचो खजुरको रस नपिउने।
- चमेरोले टोकेका फलफूल नखाने।
- संक्रमितसँग सम्पर्क भएमा तुरुन्तै स्वास्थ्य जाँच गराउने।
- हात धुने, मास्क लगाउनेजस्ता सामान्य सावधानी अपनाउने।



*प्रतिनिधि सभा विघटनसम्बन्धी रिट परेको लामो समय भइसक्दासमेत अदालतले प्राथमिकतामा नराखेको भनेर निवेदकहरूले प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतकै ध्यानाकर्षण गर्न लागेका छन्।*

# देउवालाई अझै अदालतको आस

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ माघ

नेपाली कांग्रेसको शेरबहादुर देउवा पक्षले प्रतिनिधि सभा विघटनसम्बन्धी रिटलाई लिएर अदालतमाथि दबाब सिर्जना गर्न खोजेको छ।

रिट परेको लामो समय भइसक्दासमेत अदालतले प्राथमिकतामा नराखेको भनेर निवेदकहरूले प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतकै ध्यानाकर्षण गर्न लागेका छन्।

कांग्रेसका नेता श्यामकुमार घिमिरेका अनुसार प्रतिनिधि सभा पुनर्स्थापनासम्बन्धी रिट छिटो अगाडि बढाउनुपर्ने आफूहरूको माग रहेको बताउँछन्। उनका अनुसार कांग्रेसका निवर्तमान सांसदहरूले प्रधानन्यायाधीश राउतको ध्यानाकर्षण गराउन लागेका हुन्। यसका लागि प्रधानन्यायाधीश राउतसँग बिहीबार बिहान ११ बजेको समय माग गरिएको नेताहरूले बताएका छन्।

२७ भदौमा भएको प्रतिनिधि सभा विघटनविरुद्ध सर्वोच्च अदालतमा १७ बढी रिट रहेका छन्। रिट परेपछि त्यसलाई टुंग्याउनुपर्नेमा अदालतले पेसी नै नतोकेको कांग्रेस नेताहरूको भनाइ रहेको छ। प्रधानन्यायाधीश राउतलाई भेटेर उनीहरूले पेसी तोकिदिन र सुनुवाइ गरिदिन अनुरोध गर्न लागेका हुन्।

प्रतिनिधि सभा विघटनविरुद्ध घिमिरेको नेतृत्वमा कांग्रेसका नेताहरू अदालत गएका छन्। कांग्रेसका ६५ जना निवर्तमान सांसदले संसद् पुनर्स्थापनाका लागि रिट दायर गरेका हुन्। नेकपा एमालेका निवर्तमान सांसदहरू समेत रिट लिएर अदालत गएका छन्।

कांग्रेस नेताहरूका अनुसार एमालेलाई पनि प्रतिनिधि सभा विघटनविरुद्ध अदालतमा थन्किएको विषयमा ध्यानाकर्षण गरिएको छ। प्रतिनिधि सभा विघटन हुँदा कांग्रेस सभापतिमा शेरबहादुर देउवा थिए। विशेष महाधिवेशनबाट गगन थापा नेतृत्वमा नयाँ नेतृत्व आएको छ। देउवा प्रतिनिधि सभा विघटनविरुद्ध थिए। त्यसकारण उनको समेत समर्थनमा निवर्तमान सांसदहरूले सर्वोच्च अदालतमा संसद् पुनर्स्थापनाका लागि रिट दायर गरेका हुन्।

उनीहरू अझै पनि सर्वोच्च अदालतबाट संसद् पुनर्स्थापना हुने आसमा रहेका छन्। मुलुक नयाँ निर्वाचनका लागि निकै अगाडि बढिसकेको छ। यसबेला पनि देउवा पक्ष संसद् पुनर्स्थापना हुने आसमै रहेको र अदालतमाथि दबाब बढाउने रणनीतिमा अगाडि बढेको नेताहरू बताउँछन्।

गत २३ र २४ भदौमा जेनजी आन्दोलन भएको थियो। आन्दोलनका क्रममा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली राजीनामा दिन बाध्य भए। त्यसपछि प्रतिनिधि सभाबाटै सरकार बन्ने अवस्था बनेन। २७ भदौमा पूर्वप्रधानन्यायाधीश सुशीला पृष्ठ २ मा

**ओखलढुंगामा हत्याको अर्को घटना**

# लुटेराको निशानामा वृद्धवृद्धा

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १४ माघ

बढ्दो बसाइँसराइ त्यसै त गाउँबस्तीमा थोरै मानिस मात्र छन्। तीमध्ये पनि छोराछोरी सहर र विदेशमा हुँदा वृद्ध बाबुआमा मात्र घरमा छन्। लुटपाटमा पल्किएका अपराधिक समूहले पछिल्लो समय त्यस्ता वृद्धहरूलाई निशाना बनाएको छ।

ओखलढुंगामा अर्को त्यस्तै घटना घटेको छ। एक महिनाअघि मात्र प्रहरीले शृंखलाबद्ध दम्पती हत्याको गिरोह पक्राउ गरेको थियो। सो समूहका अभियुक्त प्रहरी हिरासतमै छन्। तैपनि सोही प्रकृतिको हत्या र लुटपाट रोकिएन। चिशंखुगढी गाउँपालिका-६ का ८० वर्षीय चन्द्रविक्रम राई र उनकी श्रीमती चन्द्रमाया राईको मंगलबार राति हत्या भएको हो। लुटपाटका लागि हत्या भएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ। लुटेरा समूहले बाकस पनि फुटाएको देखिन्छ। केकति सामान तथा गरगहना लगे भन्नेबारे यकिन भएको छैन। घरमा वृद्ध दम्पती मात्रै बस्ने गरेकामा दुवैको हत्या र लुटपाट गरिएको हो।

यसअघि सिद्धिचरण नगरपालिका-४ चार्खुमा गत असोज २६ गते राति ५२ वर्षीया रत्नकुमारी कटवाल (कार्की) को हत्या गरिएको थियो। खेती किसानी गरेर बस्दै आएकी कटवाललाई हतियारधारी समूहले बन्चरोले हानेर वीभत्स हत्या गरेका थिए। हत्यापछि नगद तथा सुनका गरगहनासमेत लुटपाट गरिएको थियो। छिमेकीले घरबाहिर रगत देखेपछि शंका लागेर हेर्दा उनी मृत भेटिएकी थिइन्। गत पुस १५ गते स्थानीय ६० वर्षीय पृष्ठ २ मा





# चुनावी एजेन्डामा संविधान संशोधन

### नागरिक संघसंस्थाहरूले भने- सांसद्को संख्या घटाउ



हामी राजनीतिक दलहरूले बाटो बिराएको खण्डमा खबरदारी गरिरहन्छौं।

**अर्जुन भट्टराई**
**अध्यक्ष, गैरसरकारी संस्था महासंघ नेपाल**

प्रतिनिधि सभा र प्रदेश सभामा प्रतिनिधिको संख्या अत्यधिक भएको विभिन्न १६ वटा नागरिक संघसंस्थाहरूको निष्कर्ष छ। जनप्रतिनिधिहरूको संख्या धेरै भएकाले राज्यको आर्थिक भार बढेको भन्दै उनीहरूले यसमा पुनरावलोकन गर्ने नीति अवलम्बन गर्न दलहरूलाई सुझाएका छन्।

**विमला ढकाल/मध्यान्ह**
काठमाडौं, १४ माघ

राजनीतिक दलहरूले संविधान संशोधनको विषयलाई चुनावी एजेन्डा बनाउँदै छन्। संविधान जारी भएको एक दशक पूरा भएको छ। संविधानमा नै कतिपय विषयमा संविधान जारी भएको एक दशकपछि पुनरावलोकन गर्ने भनिएको छ। यो पृष्ठभूमि समेतका आधारमा दलहरू संविधानमा केकस्ता विषय संशोधन गर्ने भनेर आन्तरिक छलफलमा रहेका छन्।

यहीबेला नागरिक संघसंस्थाहरूले भने सांसद्को संख्या घटाउने प्रस्ताव अगाडि सारेका छन्। निर्वाचनमा दलहरूको चुनावी एजेन्डामा संविधान संशोधनको विषयसमेत समावेश हुनुपर्ने भन्दै उनीहरूले नेपालमा जनप्रतिनिधिको पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# सर्वोच्चद्वारा जापानी भाषा परीक्षाविरुद्धको रिट खारेज

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ माघ

सर्वोच्च अदालतले वैदेशिक रोजगारीका लागि जापान जाने प्रशिक्षार्थी कामदारका लागि नेपाल जाइका अलमुनाई एसोसिएसन 'जान'ले लिने अनिवार्य भाषा परीक्षाविरुद्धको रिट खारेज गरेको छ।

अधिवक्ता हसिना प्रधानसमेतले दायर गरेको वैदेशिक रोजगार क्षेत्रको बहुप्रतीक्षित उक्त उत्प्रेषण रिटमाथि बुधबार सर्वोच्च अदालतका न्यायाधीशद्वय मनोजकुमार शर्मा र श्रीकान्त पौडेलको इजलासमा सुनुवाइ भएको थियो। रिट निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता अम्मरबहादुर थापा र प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका तर्फबाट वरिष्ठ अधिवक्ता देवराज कटुवालले बहस गरेका थिए। रिटमा प्रधानमन्त्री पृष्ठ २ मा


## युएईमा वैदेशिक रोजगारीको अवसर

कम्पनी : AMAN TAXI - SOLE PROPRIETORSHIP LLC शहर : ABU DHABI
पूर्व स्वीकृत मितिः २०८२/१०/१४ चलानी नं.: ६०२५१३८५ LT. No.: 337942

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Taxi Driver | 100 | 0 | स. काममा दक्ष | 2500 | ५९,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २२ र २४ गते (5 & 7 February 2026) मा हुनेछ।
अन्तर्वार्ता एभरेस्ट ड्राइभिङ स्कुल एण्ड प्रि-टेस्ट सेन्टर प्रा. लि., पोखरामा २०८२ माघ २३ गते (6 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

G.C. INTERNATIONAL GROUP PVT. LTD.
Gov Lic No: 1772/081/082
Sinamangal -09, Airport, Kathmandu, Nepal. Tel No: 01- 453360, Mobile No: 9701018393, 9765826055, 9768793642, 9851405536, 9768524335, 9851030647, 9815288880, 9808008958 Website: www. gcintcgroup.com
E-Mail: info@gcintcgroup.com, Pokhara Contact No: 9700446577 / 9814183086

## साइप्रसमा वैदेशिक रोजगारीको अवसर

कम्पनी : E.G ESTIACYPRUS PRIVATE EMPLOYMENT AGENCY शहर : PAPHOS
पूर्व स्वीकृत मितिः २०८२/१०/१४ चलानी नं.: ६०२५१३८३ LT. No.: 337943

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 5 | 0 | सम्बन्धित काममा दक्ष | 800 | १,३९,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 5 | 0 | | 800 | १,३९,३०४ | | | | | | | |
| 3. | Cleaner | 0 | 5 | | 700 | १,२१,८९१ | | | | | | | |
| 4. | Cook | 5 | 0 | | 800 | १,३९,३०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २२ गते (5 February 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७१०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

G.C. INTERNATIONAL GROUP PVT. LTD.
Gov Lic No: 1772/081/082
Sinamangal -09, Airport, Kathmandu, Nepal. Tel No: 01- 4533603, Mobile No: 9701018393, 9765826055, 9768793642, 9851405536, 9768524335, 9851030647, 981-5288880, 9808008958
Website: www. gcintcgroup.com, E-Mail: info@gcintcgroup.com

मध्यान्ह
www.madhyanhadaily.com
१५ माघ २०८२ बिहीबार
29 January 2026 Thursday

# ओलीको प्रस्टीकरण– 'मैले गोली चलाउने आदेश दिएको होइन'

**काठमाडौं/मस–** नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले भदौ २३ गतेको घटनालाई लिएर आफूले नागरिकमाथि गोली चलाउन आदेश दिएको भन्ने प्रचार पूर्ण रूपमा निराधार भएको स्पष्ट पारेका छन् ।

केही पक्षले गलत प्रचार फैलाएको भन्दै ओलीले संविधानले प्रधानमन्त्रीलाई त्यस्तो अधिकार नदिएको र आफूले कहिल्यै त्यस्तो आदेश नदिएको दाबी गरे ।

एक वक्तव्य जारी गर्दै ओलीले घटनापछि तत्काल पूर्वन्यायाधीशको नेतृत्वमा छानबिन आयोग गठन गरिएको स्मरण गराउँदै ज्यान गुमाएका १९ जना बालबालिकाप्रति गहिरो श्रद्धाञ्जली व्यक्त गरेका छन् । 'त्यो पीडा आजसम्म पनि मसँगै छ,'उनको भनाइ छ ।

सरकारले सुरक्षाको दृष्टिले माइतीघर क्षेत्रमा प्रदर्शन रोक्ने निर्णय गरे पनि शान्तिपूर्ण सभाको अनुमति मागिएपछि प्रशासनले सहजै अनुमति दिएको ओलीले उल्लेख गरेका छन् ।

माइतीघरमा बिहान सुरु भएको



जेनजी युवाहरूको प्रदर्शन शान्तिपूर्ण रूपमा चलेको र त्यहाँ न गोली चलेको न लाठीचार्ज भएको उनले स्पष्ट पारे ।

तर दिउँसो करिब १२ बजेतिर घुसपैठकारी तत्वहरूले युवाहरूलाई घेरेर निषेधित क्षेत्रतर्फ उक्साएको दाबी ओलीको छ । आयोजकहरूले घुसपैठ भएको जानकारी दिँदै प्रदर्शनकारीलाई घर फर्किन आग्रह गरे पनि केही समूहले योजनाबद्ध रूपमा बालबालिका र स्कुल पोसाकमा रहेका नानीबाबुलाई अगाडि राखेर संसद् भवनतर्फ लैजान खोजेको उनको आरोप छ ।

संसद् भवनअगाडि आगजनीको प्रयास र विस्फोटक सामग्री प्रयोग भएपछि स्थिति 'आन्दोलन' नभई 'राज्यविरुद्धको आक्रमण'मा परिणत भएको ओलीको भनाइ छ । संसद् भवनभित्र सुरक्षा निकायमाथि प्रत्यक्ष आक्रमण भएपछि कानुनअनुसार बल प्रयोग गर्नुपरेको उनले उल्लेख गरे ।

'यदि त्यस दिन सुरक्षाकर्मीले आफ्ना हतियार खोसिन दिएका भए वा संसद् भवन जलेको भए अवस्था अझ भयावह हुने थियो,'ओलीले प्रश्न गरेका छन् । अराजकता फैलाएर देशलाई हिंसामा धकेल्ने उद्देश्यले नै ती समूह अघि बढेको उनको दाबी छ ।

ओलीले भदौ २४ गते भएको विध्वंशतर्फ पनि ध्यानाकर्षण गराउँदै सिंहदरबार, राष्ट्रपति भवन, सर्वोच्च अदालतलगायत संरचनामा तोडफोड र आगजनी आफ्नो राजीनामापछि भएको उल्लेख गरेका छन् । संसारका सबै देशमा संवैधानिक निकायको सुरक्षा कानुनअनुसार हतियारसहित गरिने भन्दै सुरक्षाकर्मीले सरकारको आदेश होइन, कानुनको शपथ लिएको उनको भनाइ छ। उनले माइतीघरको शान्तिपूर्ण प्रदर्शनमा कुनै बल प्रयोग नभएको र बानेश्वरको निषेधित क्षेत्र तोडिँदासम्म गोली नचलेको दोहोर्‍याउँदै बालबालिकालाई कानुनले कडा बल प्रयोग गर्नुपर्ने स्थानतर्फ कसले, किन र कसरी लग्यो भन्ने प्रश्न उठाए ।

सामाजिक सञ्जालमा फैलाइएका गलत प्रचारमा नलाग्न आग्रह गर्दै ओलीले आफू कुनै पनि मञ्चमा बसेर घटनाबारे जवाफ दिन तयार रहेको पनि स्पष्ट पारेका छन् ।

# रिपब्लिकमा तालाबन्दीप्रति मिडिया एलायन्सको भत्सर्ना

**काठमाडौं/मस–** नेपाल रिपब्लिक मिडियामा नेपाल पत्रकार महासंघले गरेको तालाबन्दीको मिडिया एलायन्स नेपालले आफ्नो ध्यानाकर्षण भएको भन्दै भत्सर्ना गरेको छ ।

विवादको शान्तिपूर्ण र कानूनी समाधान नै अन्तिम तथा उपयुक्त मार्ग भएको एलायन्सले जनाएको छ । 'प्रचलित कानून तथा संवैधानिक व्यवस्थासमेतको बर्खिलाप हुनेगरि कुनै पनि पत्रपत्रिकाको प्रकाशनमा प्रत्यक्ष अवरोध पुयाउने मनसायसहित भए गरिएका यस्ता कार्यहरुको कुनैपनि अवस्थामा स्वीकार्य हुँदैन्' एलायन्सका महासचिव दिरेकलाल श्रेष्ठद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'कुनै पनि विवादको समाधान कानुनी प्रक्रियाबाट नै हुने भएकाले अनावश्यक दवाव सृजनाका लागि अन्य तरिकाले गरिने सबै कार्यहरु तथा सोबाट सञ्चार गृहको ख्यातिमा पर्ने हानीको सम्बन्धमा यस संस्थाले गम्भीरतापूर्वक विश्लेषण गरिरहेको छ ।'

विधिको शासनलाई उच्च सम्मान गर्दै कार्य गर्नका लागि सम्बन्धित सबैलाई एलायन्सले अनुरोध पनि गरेको छ । सो प्रकाशन गृहमा कर्मचारी र पत्रकारको श्रमसम्बन्धि विवादमा महासंघको नेतृत्वमा व्यवस्थापन कक्षमा तालाबन्दी भएको हो ।

## सर्वोच्चद्वारा...

तथा मन्त्रिपरिषद्को कार्यालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, नेपाल जाइका अलमुनाई एसोसिएसन 'जान' समेतलाई विपक्षी बनाइएको थियो । श्रम मन्त्रालयले जापान कामदार पठाउन लिनुपर्ने जिट्को लाइसेन्स खारेज गरेसँगै जानको भाषा परीक्षा असान्दर्भिक भएको थियो। जिट्को खारेजीमाा परेसँगै जानले भाषा परीक्षा लिन छाडेको छ ।

जापानी अध्यागमन कार्यालयले भिसा जारी गरेपछि नेपालको गैरसरकारी संस्थाले लिने भाषा परीक्षामा उत्तीर्ण नभएको अवस्थामा रोजगारीका लागि जापान जान नपाउने अवस्था गैरकानुनी भएको भन्दै जान नामक संस्थाको भाषा परीक्षा खारेजीको माग गर्दै रिट दर्ता भएको थियो। बुधबारको बहसमा सहभागी वरिष्ठ अधिवक्ता कटुवालले रिट खारेज भएपनि फैसलामा वैदेशिक रोजगारमा 'जान' जस्ता संस्थाहरूले लिने भाषा परीक्षाको अनिवार्य वा अनावश्यक भन्ने बारेमा बृहत् व्याख्या हुने बेञ्चबाट टिप्पणी आएको पनि मध्यान्ह दैनिकलाई बताए ।

जान नामक संस्थाको भाषा परीक्षाबारे तत्कालीन प्रतिनिधिसभामा समेत आलोचना भएको थियो । भिसा पाइसकेका नेपाली प्रशिक्षार्थी कामदारहरूलाई नेपालमै अनधिकृत संस्थामार्फत भाषा परीक्षा दिन बाध्य पारिने घटना गम्भीर आपत्तिको विषय भएको धेरैको टिप्पणी थियो ।

## घातक...

साथै ती दुई जनासँग सम्पर्कमा आएका १ सय ९६ जनामा भाइरसको परीक्षण गर्दा नतिजा नकारात्मक आएको पनि मन्त्रालयले जनाएको छ ।

यो रोग लागे मानिसको मृत्युदर ४० देखि ७५ प्रतिशतसम्म रहेको छ । यसले गर्दा समुदायमा त्रास बढेको सरुवारोग विशेषज्ञ डा. पुनको भनाइ छ । निपाह भाइरस चमेरालगायका चरा, सुंगुर र मानिसबाट मानिसमै पनि सर्ने उनी बताउँछन्। निपाह संक्रमणको सुरुवाती चरणमाा ज्वरो आउने, जिउ दुख्ने, टाउको दुख्ने, घाँटी दुख्ने र वान्ता हुनेजस्ता लक्षण देखा परे पनि यो कडा रूपमा देखिए मस्तिष्कमा सुजन भई संक्रमित ४८ घण्टामै कोमामा उनको भनाइ छ । यसबाट हुन सक्ने मृत्युदर ७५ प्रतिशतसम्म भनिए पनि अधिकांश संक्रमितको मृत्युदर ७० प्रतिशतभन्दा माथि नै देखिएको उनले बताए । साथै कतिपयको मृत्युदर शतप्रतिशत नै रहेको पनि उनी बताउँछन् । नेपालमा भने यो भाइरस भित्री नसकेको उनको भनाइ छ ।

स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी डा. भक्तबहादुर केसीले भारतसँग नेपालको खुला सीमानाका भएकाले जोखिम तीव्र रूपमा बढ्न सक्ने बताए । उनले नेपालमा यो भाइरस भित्रिन नदिन भारतसँगका १३ वटै सीमानाकामा सुरक्षा व्यवस्था कडा बनाइएको जानकारी दिए। स्वास्थ्यकर्मीहरूलाई परीक्षणका लागि नाकामा खटाइ सकिएको पनि उनको भनाइ छ । त्रिभुवन विमानस्थल र भैरहवा विमानस्थलमा पनि 'हेल्प डेस्क'मार्फत स्क्रिनिङ भइरहेको बताए । नेपालसँगै थाइल्यान्डले पनि पश्चिम बंगालबाट उडान हुने तीनवटा विमानस्थलमा यात्रुहरूको स्वास्थ्य परीक्षण सुरु गरेको छ ।

## देउवालाई...

कार्कीको नेतृत्वमा अन्तरिम सरकार बन्यो। अन्तरिम सरकारको सिफारिसमा सोही दिन प्रतिनिधि सभा विघटन भएर आगामी २१ फागुनका लागि प्रतिनिधि सभाको निर्वाचनको मिति तय भएको हो। जसअन्तर्गत समानुपातिकतर्फ र प्रत्यक्ष दुवैतर्फ उम्मेदवारको मनोनयन दर्ता भइसकेको छ । राजनीतिक दल र उम्मेदवारहरू चुनावी प्रचारमा हिँडिसके। मुलुक निर्वाचनमय भइरहेका बेला कांग्रेसको शेरबहादुर देउवा पक्ष भने प्रतिनिधि सभा पुनर्स्थापना हुने आसमा रहेको हो । यसका लागि अदालतमाथि दबाब बढाउने नीतिअन्तर्गत प्रधानन्यायाधीश राउतलाई भेटेर कांग्रेस नेताहरूले प्रतिनिधि सभा पुनर्स्थापनाको मागसम्बन्धी रिटको पेसी तोकिदिन र सुनुवाइ गरिदिन अनुरोध गर्न लागेका हुन् ।

## लुटेराको...

शोभितमान थापा मगर र उनकी श्रीमती रत्नमाया थापा मगरलाई पनि कुटपिट तथा धारिलो हतियार प्रहार गरी हत्या गरिएको थियो । हतियारधारी समूहले कोदालो तथा अन्य हतियारले प्रहार गरी हत्या गरेर गोठमा स्याउलाले छोपेर भागेका थिए । उनीहरूले पसल तथा कोठामा रहेको अन्दाजी १ लाख नगद तथा सुनको गरगहना २ तोला, काँचो सुनसमेत गरी ६ तोला सुनका गरगहनासमेत लुटपाट गरी लगेको प्रहरीले जनाएको छ ।

सो घटनाको तीन महिना नबित्दै ओखलढुंगाकै चिशंखुगढीको भदौरेमा अहिले ठ्याक्कै त्यस्तै शैलीमा राई दम्पतीको हत्या भएको हो । जिल्ला प्रहरी कार्यालय ओखलढुंगाका प्रहरी नायब उपरीक्षक मदन केसीले पछिल्लो घटनालाई विश्लेषण गर्दा लुटेरा समूहले वृद्धवृद्धा मात्र बस्ने घरलाई निशानामा पारेको देखिएको बताउँछन्। 'वृद्धा महिलाहरू सुनले झपक्कै देखिन्छन्, एकान्त गाउँमा एक्लाएक्लै बसेका हुन्छन्,' उनले भने, 'लुटेराहरूले त्यही मौका छोपेर लुट्छन् अनि पहिचान खुल्ने डरले हत्या गर्छन् ।'

सुन र धनमालकै कारण वृद्धवद्धा असुरक्षित बन्दै गएको देखिएको केसी बताउँछन् । एउटा समूह नियन्त्रणमा रहे पनि अरू पनि यस्ता लुटपाट गर्ने र हत्या गर्ने गिरोह हुन सक्ने उनले आशंका व्यक्त गरे । पहिलेका घटनाहरूको सफल अनुसन्धान भए पनि यो घटनाबारेमा अनुसन्धान भइरहेको डिएसपी केसीले बताए ।

पहिलो घटनाको अनुसन्धान गर्ने क्रममा दोस्रो घटना भएको र उस्तै प्रकृतिको तेस्रो घटना भएपछि गम्भीरताका साथ अनुसन्धान गरिएको उनले बताए। यसअघिका घटनामा जिल्लाको टोलीदेखि कोशी प्रदेश र केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को टोलीले समेत अनुसन्धान गरेर एक महिनापछि चार जनालाई पक्राउ गरेको थियो । ओखलढुंगाको चिसाङ गाउँपालिका-३ दियालेका २८ वर्षीय मिलन भनिने संगम राई, सोही गाउँपालिका-४ का ४० वर्षीय विनोद राई, सोही गाउँपालिका-४ का ४० वर्षीय प्रकाश भुजेल र चिसाङ-४ कै ३० वर्षीय दार्जे भनिने अशोक भुजेल पक्राउ परेर अहिले प्रहरी हिरासतमा छन् । प्रहरीले उनीहरूको साथबाट हत्या तथा लुटपाटमा प्रयोग भएको चक्कु, ७.६५ एमएमका गोलीका खोका, मोबाइल, गरगहना, नगद बरामद गरिएको थियो ।

समाजशास्त्री डा. मीना पौडेल गाउँघरमा एक्लै बस्ने वृद्धवृद्धाहरू असुरक्षित बन्नु चिन्ताको विषय भएको बताउँछिन् । युवाहरूमा निराशा र बेरोजगारको कारण अपराधी गतिविधिमा लाग्ने गरेको उल्लेख गर्दै भन्छिन्, 'गाउँघरमा अधिकांश युवा बेरोजगार छन् । वृद्धवृद्धासँग केही नभए पनि भत्ता बुझेको पैसा र केही गरगहना पनि हुन्छन्। बेरोजगार युवाहरूको सोच नै आपराधिक गतिविधितर्फ हुन थाल्यो । त्यसैले हत्या गर्ने लुटपाटका घटना बढेका छन् ।' सामाजिक, आर्थिक र प्रविधिको कुराले युवाहरूमा नकारात्मक कार्यतर्फ अग्रसर हुँदै गएको देखिएको डा. पौडेल बताउँछिन् ।

## चुनावी...

संख्यामा कटौती हुनुपर्ने बताएका हुन् । राजनीतिक दलहरू २१ फागुनको निर्वाचनका लागि घोषणापत्र लेखन कार्यमा व्यस्त रहेका छन्। कुनै दलहरूले वाचापत्र वा कार्यान्वयनपत्र नाम दिएर चुनावी एजेन्डालाई प्राथमिकीकरण र एकीकृत गरिरहेका छन् ।

यहीबेला विभिन्न १६ वटा नागरिक संघसंस्थाहरूले संविधान संशोधनको एजेन्डालाई एक प्रमुख एजेन्डाका रूपमा प्रस्तुत गर्दै राजनीतिक दलहरूको ध्यानाकर्षण गरेका हुन् ।

प्रतिनिधि सभा र प्रदेश सभामा प्रतिनिधिको संख्या अत्यधिक भएको उनीहरूको निष्कर्ष छ । जनप्रतिनिधिहरूको संख्या धेरै भएकाले नै राज्यको आर्थिक भार बढेको भन्दै उनीहरूले यसमा पुनरावलोकन हुनुपर्ने बताएका हुन् । गैरसरकारी संस्था महासंघ, नेपाल पत्रकार महासंघ, सामुदायिक रेडियो प्रसारक संघ, दलित गैरसरकारी संस्था महासंघ, राष्ट्रिय अपांग संघलगायतका संघसंस्थाले संविधान गतिशील दस्तावेज भएको उल्लेख गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, समावेशी लोकतन्त्र, मौलिक हक र सामाजिक न्यायका आधारहरू यथावत् राख्दै अन्य कमजोरीको विषयमा सुधार हुनुपर्ने सुझाएका हुन् ।

१६ वटा संघसंस्थाले जारी गरेको 'नागरिक अपिल पत्र २०८२'मा भनिएको छ, 'संविधान कार्यान्वयनको करिब एक दशकको अनुभवले केही संरचनागत, संस्थागत तथा शासनसम्बन्धी कमजोरीहरू उजागर गरेको वर्तमान सन्दर्भमा संविधान संशोधन अपरिहार्य भएको नागरिक समाज ठान्दछ ।'

संविधान संशोधन गर्दा के कस्ता विषयमा संशोधन गर्ने भनेर उनीहरूले विषयसमेत सुझाएका छन् । जसअन्तर्गत सांसद्को संख्या घटाउने प्रस्ताव गरेका हुन् । जहाँ भनिएको छ, 'प्रतिनिधि सभाका सदस्यहरूको संख्या कटौती गर्ने, प्रदेश सभाका सांसदहरूको संख्या पनि यथोचित रूपमा घटाउने, राष्ट्रिय सभामा समानुपातिक र समावेशी प्रतिनिधित्वको संवैधानिक सुनिश्चितता थप स्पष्ट र प्रभावकारी बनाउने व्यवस्था गर्न संविधान संशोधन आवश्यक रहेको प्रतिबद्धता व्यक्त गर्न राजनीतिक दलहरूलाई नागरिक समाज अपिल गर्दछ ।'

संविधान संशोधनका लागि सम्पूर्ण राजनीतिक दल, सरकार, संसद, प्रदेश र स्थानीय तह, संवैधानिक निकाय, विज्ञ समुदाय तथा नागरिक समाजबीच घनीभूत छलफल हुनुपर्ने पनि औंल्याइएको छ । राष्ट्रिय सहमतिका आधारमा संविधान संशोधन प्रक्रिया अगाडि बढाउने प्रतिबद्धता दलहरूले घोषणापत्रमार्फत व्यक्त गर्नुपर्ने अपिल गरिएको छ ।

संविधान संशोधन सत्ता स्वार्थ वा तात्कालिक राजनीतिक लाभका लागि नभई लोकतन्त्रको गुणस्तर सुधार, सुशासन, संघीयताको सुदृढीकरण र नागरिकको जीवनसँग प्रत्यक्ष जोडिएका सवाल समाधान गर्न केन्द्रित हुनुपर्ने उनीहरूको आग्रह छ । बुधबार राजधानीमा आयोजित एक कार्यक्रमबीच 'नागरिक अपिलपत्र २०८२' सार्वजनिक गरिएको छ। अपिलपत्र सार्वजनिक गर्दै गैरसरकारी संस्था महासंघ नेपालका अध्यक्ष अर्जुन भट्टराईले नीति सही भएपछि समाजको दिगो विकास हुन सक्ने बताए । दलहरू र प्रतिनिधि सभा सदस्यका उम्मेदवारहरूलाई ७७ वटै जिल्लामा पुगेर अपिलपत्र दिइने कार्यक्रम रहेको जानकारी दिँदै उनले भनेका छन्, 'हामी राजनीतिक दलहरूले बाटो बिराएको खण्डमा खबरदारी गरिरहन्छौं ।'


## कुवेत र ओमनमा रोजगार

कम्पनीः MAGIC LAND GENERAL TRADING AND CONTRACTING COMPANY शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/१०/१४ चलानी नं.: ६०२५१४३५ L.T. No.: 334751

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Out Door) | 0 | 2 | सम्बन्धित काममा दक्ष | 95 | ४५,६११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Equipment Driver | 10 | 0 | | 150 | ७२,०१८ | | | | | | | |

कम्पनीः ATLAS DISCOUNT CENTER LLC हरः OMAN
पूर्व स्वीकृत मितिः २०८२/१०/१४ चलानी नं.: ६०२५१४३६ L.T. No.: 337584

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Merchandise Pricing | 2 | 0 | स. काममा दक्ष | 140 | ५३,२६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २२ गते (5 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
ISO 9001 : 2015



## धार्चे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**माछीखोला, गोरखा,**
**गण्डकी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृतिको लागि छनौट गरिएको आशयको सूचना

**प्रकाशित मितिः २०८२/१०/१५**

यस गाउँपालिकाको मिति २०८२/०९/१३ गते राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार तपिशल अनुसारको ठेक्काको लागि म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरू मध्ये प्राविधिक र आर्थिक प्रस्तावको मूल्याकंन गर्दा न्यूनतम मूल्यांकित सारभुत रूपमा प्रभावग्राहि बोलपत्र देहाय बमोजिम भएकाले सार्वजानिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ (१) बमोजिम सबै बोलपत्रदाताहरुलाई जानकारिको लागि बोलपत्र स्वीकृतिको लागि आशयको सूचना प्रकाशित गरिएको छ, सो निर्णय उपर कसैको दावी विरोध भए सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस कार्यालयमा निवेदन दिनु हुन समेत यसै सूचना द्वारा जानकारी गराइन्छ ।

**तपशिलः-**

| क्र.स. | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मू.अ.क. र PS सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १ | DRM/NCB/WORKS/03/082/83 | Construction of Khanibesi, Sarjenbesi Kashigaun Road | Sanskriti Construction And Infratech Pvt. Ltd. | NRS. 65,80,337.23 | |

**प्रमुख प्रशासकीय अधिकृत**



## मनहरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**रजैया, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**कार्यालयमा प्रथम पटक प्रकाशित मिति २०८२/१०/१५**

यस मनहरी गाउँपालिकाको तपशिलमा उल्लेखित बोलपत्र सम्बन्धि कार्यको मिति २०८२/०८/२६ गते प्रकाशित सुचना अनुसार प्राप्त हुन आएको निम्न लिखित बोलपत्र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागी छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनका लागी सम्बन्धित बोलपत्रदाताहरुलाई जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र सं | बोलपत्र नं | खरिद कार्य | बोलपत्र स्वीकृत गर्न सिफारिस भएको बोलपत्रदाताको नाम | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | MED/NCB/MAN-09/082-083 | निःशुल्क औषधि खरिद | क्यान्डेला मेडी कन्सर्न, कलङ्की काठमाडौं | ६,०३,८०८।८० (अक्षरुपी छ लाख तीन हजार आठ सय आठ रुपैंया असि पैसा (मुल्य अभिबृद्धि कर बाहेक) | |

**रमेश सुबेदी**
**प्रमुख प्रशासकीय अधिकृत**

# काउन्सिलद्वारा आचारसंहिता विषयक छलफललाई निरन्तरता



**काठमाडौं/मस–** 'पत्रकार आचारसंहिताको कार्यान्वयन, निर्वाचन र मिडियाको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम बुधबार प्रेस काउन्सिल नेपालमा सम्पन्न भएको छ।

कार्यक्रमको अध्यक्षता गर्दै काउन्सिलका अध्यक्ष डा.कुमार शर्मा आचार्यले काउन्सिल पत्रकारलाई सजाय दिन नभइ प्रेस स्वतन्त्रताको संरक्षण गर्दै सुधार गर्न सधैं सक्रिय रहेको बताए।

पत्रकार तथा निर्वाचन आचारसंहितामा प्रतिबद्ध रहन आग्रह गर्दै उनले आफूले काउन्सिललाई विगतमा भन्दा फरक ढंगले लैजान चाहेको बताउँदै पत्रपत्रिका वितरण सम्परीक्षण (वर्गीकरण), पुरस्कार लगायतका विषयलाई अझ व्यवस्थित बनाउन लागिएको जानकारी दिए।

अध्यक्ष आचार्यले काउन्सिललाई अझ प्रभावकारी रूपले अगाडि बढाउन सम्पादकहरूसँग सुझाव दिन अनुरोध गरे। नागरिक दैनिकका प्रधानसम्पादक गुणराज लुईंटेलले कि नोट स्पिकरका रूपमा राष्ट्रिय/अन्तर्राष्ट्रिय उदाहरणसहित पत्रकार आचारसंहिता, निर्वाचन आचारसंहिता र मिडियाको भूमिका विषयमा आफ्नो प्रस्तुति राखेका थिए।

उनले तथ्यगत पुस्ट्याँइबेगरका सामग्री सम्प्रेषण गर्न नहुने धारणा राख्दै निर्वाचनका समयमा सबै दल र उम्मेदवारलाई समान किसिमबाट कसरी समेट्न सकिन्छ भन्नेमा ध्यान दिनुपर्ने बताए।

उनले सम्पादकहरूसमक्ष पूर्वाग्रही नभइ समाचार सम्प्रेषण गर्न आग्रह गरे।

काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले छापा सञ्चार माध्यमका सामग्रीका पछिल्ला प्रवृत्ति र काउन्सिलमा परेका उजुरीबारे जानकारी गराएको उक्त कार्यक्रममा निर्वाचन आयोगका उपसचिव कुलबहादुर जिसीले निर्वाचन आचारसंहितामा सञ्चार माध्यम, सञ्चारकर्मी तथा पत्रकारले पालना गर्नुपर्ने निर्वाचन आचारसंहिताको व्यवस्था, निर्वाचनका समयमा आकर्षित हुने अन्य कानुनलगायतका विषयमा ध्यान दिन अनुरोध गरे।

कार्यक्रममा गोरखापत्र राष्ट्रिय दैनिकका प्रधानसम्पादक जुनारबाबु बस्नेत, राजधानी दैनिकका सम्पादक डिल्ली आचार्य, ताजाखबर साप्ताहिकका ईश्वरी वाग्ले, मध्यान्ह दैनिकका जनक नेपाल, आदर्श समाज दैनिकका कृष्ण प्रसाद बास्तोला, विजयपुर साप्ताहिकको सम्पादक गंगा पौडेल बराल, अग्निचक्र मासिकका सम्पादक लक्ष्मीनारायण भट्टराई, तामाकोशी साप्ताहिकका सम्पादक रामचन्द्र बस्नेत, द पब्लिकका सम्पादक बिणा सिन्हा, देश विकास साप्ताहिकका सम्पादक रामकृष्ण पौडेल, नविन सन्देश मासिकका सम्पादक कल्पना शर्मा, पूर्ण मासिकका सम्पादक सम्झना बन, तामाङ डाजाङ मासिकका अर्जुनबहादुर तामाङले सञ्चार माध्यम जिम्मेवार हुँदाहुँदै पनि सबैलाई छापा माध्ययममा समान ठाउँ दिन नसकिएको, घृणास्पद अभिव्यक्ति रोक्न निर्वाचन आयोगले तत्काल अनुगमन गरेर सचेत गराउनुपर्ने, पत्रकार आचारसंहिता र निर्वाचन आचारसंहिता पालनमा सम्पादकहरू नै जिम्मेवार बन्नुपर्ने र गल्ती भए तत्काल सच्याउनुपर्ने, काउन्सिल र आयोगले समाचार विश्लेषण र रिपोर्टिङलाई छुट्याएर/बुझेर अनुगमन गर्नुपर्ने, मतदातालाई भ्रममा नपार्ने गरी समाचार सम्प्रेषण गर्नुपर्ने, निर्वाचन आयोगले पत्रकारसँग दोहोरो सम्बन्ध बढाउन निर्वाचनसम्बन्धी विज्ञापन समान रूपमा वितरण गर्नुपर्ने विषयमा आ-आफ्नो धारणाा राखेका थिए।

काउन्सिलका सदस्य एवं छापामाध्यमका फोकल पर्सन पदमराज जोशीले सहजीकरण गरेको उक्त कार्यक्रममा काउन्सिलका सहप्रशासकीय अधिकृत रामशरण बोहराले सामाजिक सञ्जालसम्बन्धी अनुगमनका सन्दर्भमा उठेका जिज्ञासाको सम्बोधन गर्दै आचारसंहिताका विषय र पछिल्ला प्रवृत्तिबारे जानकारी गराएका थिए।

काउन्सिलका सदस्यहरू कुमारी निमा काफ्ले, नकुल अर्याल, बालकृष्ण अधिकारी, शन्तराम बिडारी, काउन्सिलका सदस्य सचिव छबीन्द्र पराजुली, मुख्य अधिकृत झबिन्द्र भुसालको उपस्थिति रहेको उक्त कार्यक्रममा जनजिब्रो साप्ताहिक, गौरी मासिक, आर्थिक संसार, तरुण साप्ताहिकका तर्फबाट केदारनाथ गौतम, अर्जुन लामिछाने, शिव बस्नेत, कालिका महतले प्रतिनिधित्व गरेका थिए।

केही दिनअघि रेडियो/टिभीका सम्पादकहरूसँग पत्रकार आचारसंहिताको कार्यान्वयन, निर्वाचन र मिडियाको भूमिकामा केन्द्रित रहेर छलफल गरेको काउन्सिलले अन्य विभिन्न सञ्चार माध्यमका सम्पादकहरूसँग पनि यसै सन्दर्भमा छलफल गर्दै जाने जनाएको छ।

# पुरातात्त्विक सम्पदाको सुरक्षा जोखिममा

**काठमाडौं/मस–** कागेश्वरी मनोहरा नगरपालिका-९ मा पर्ने नागेश्वर महादेव मन्दिर क्षेत्रको सुरक्षाका लागि विसं २०६४ देखि स्थापना गरिएको प्रहरी बिट हटाइँदा यस क्षेत्रमा असुरक्षा बढ्नुका साथै धार्मिक, सांस्कृतिक एवं पुरातात्विक महत्वका सम्पदा पनि असुरक्षित भएका छन्।



जेनजी आन्दोलनका क्रममा काँडाघारी चौकी जलेपछि पुनर्निर्माण नभएसम्म नागेश्वर प्रहरी बिटमा चौकी स्थानान्तरण गरिएको थियो। जेनजी आन्दोलनका क्रममा कागेश्वरी मनोहरा-७ मा रहेको प्रहरी प्रभागमा क्षति भए पनि नागेश्वर मन्दिर क्षेत्रमा रहेको बिट भने सुरक्षित थियो।

अहिले उक्त प्रहरी बिट हटाएपछि प्राचीन मन्दिरको बहुमूल्य कला, वस्तुहरूको सुरक्षामा चुनौती देखिएको नागेश्वर वाणेश्वर महादेव मन्दिर व्यवस्थापन समितिका अध्यक्ष प्रकाशगम्भीरसिंह रायमाझीले गुनासो गरे। नागेश्वर मन्दिर परिसरको प्रहरी बिट हटाइँदा यस क्षेत्रमा चोरी, डकैती दुर्व्यसनीको समस्या बढ्नसक्ने भन्दै स्थानीयवासी चिन्तित भएका पनि उनले बताए।

जेनजी आन्दोलनका क्रममा विभिन्न जेलबाट भागेका कैदीबन्दी अझै नफर्किएका र लुटिएका हतियार फिर्ता नभएको अवस्थामा प्रहरी बिट हटाउँदा स्थानीयवासी चिन्तित भएका फुल्चोकी सेवा समाजका अध्यक्ष दीपक केसीले बताए। नागेश्वर मन्दिर प्रहरी बिटले 'टाउनप्लानिङ' (आवास क्षेत्र) मा शान्ति सुरक्षा महसुस भएको थियो।

जेनजी आन्दोलनपछि प्राचीन मन्दिरहरूमा चोरी पनि बढेकाले प्रहरी बिट पुनःस्थापना गर्न स्थानीयवासीले माग गरेका छन्। घना र अव्यवस्थित बस्ती भएकाले सुरक्षाका लागि बिट आवश्यक पर्ने समाजका अध्यक्ष केसीले उल्लेख गरे। नागेश्वर मन्दिर समितिका अध्यक्ष रायमाझीको नेतृत्वमा यस क्षेत्रमा शान्ति सुव्यवस्था कायम गराउने उद्देश्यले प्रहरी प्रभाग स्थापना भएको थियो।

यहाँ प्राचीन सम्पदाका रूपमा नागेश्वर मन्दिरको स्थापना भएपछि त्यसको सुरक्षाका लागि पुरातत्व विभागको समन्वयमा प्रहरी प्रभाग स्थापना गरिएको रायमाझीले जानकारी दिए। उनका अनुसार मन्दिरमा सोमबार, शनिबार तथा विभिन्न पर्वका अवसरमा भक्तजनको घुइँचो लाग्ने गर्दछ।

त्रिभुवन विमानस्थलको धावनमार्गमा परेर हटाइएको नागेश्वर मन्दिरलाई पछि गोठाटारमा स्थापना गरिएको हो। अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ)ले सुरक्षाको दृष्टिले मन्दिर हटाउन लगाएपछि हटाइएको जनाइएको छ। गौचरणमा रहेको नागेश्वर मन्दिर २४ रोपनी क्षेत्रफलमा फैलिएको थियो।

शिवालय ढुङ्गे धारा, गौचरणलगायत धार्मिक महत्त्वका सम्पदा यस क्षेत्रमा रहेका मन्दिर समितिका अध्यक्ष रायमाझीले जानकारी दिए।


## तुर्माखाँद गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**तुर्माखाँद, अछाम**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

## समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरि पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रमका लागि आशय पत्र आव्हानको सूचना

**(दोस्रो पटक प्रकाशन मिति:२०८२।१०।१५ गते)**

नेपाल सरकार राष्ट्रिय योजना आयोगबाट प्राप्त विशेष अनुदान कार्यक्रम मार्फत यस तुर्माखाँद गाउँपालिका अन्तर्गत समुदायमा आधारित बालबालिका तथा मातृ स्वास्थ्यलाई लक्षित गरि पोषण सुधार तथा प्रवर्द्धन कार्यक्रम(Community Based Nutrition Improvement and Promotion Program Targeting Child and Maternal Health TRM/CONSULTANCY/EOI/04/2082-083) संचालनका लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन इच्छुक तथा योग्यता पुगेका संस्था/कम्पनी/फर्महरु बाट सार्बजनिक खरिद ऐन २०६३ को दफा ३० बमोजिम सूचना प्रकाशित मिति देखि २०८२/१०/२९ गते दिउसो १२ बजे भित्र e–GP System को माध्यम द्वारा आशय पत्र पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचनाको विस्तृत जानकारी का लागि PPMO को Website:www.bolpatra.gov.np/egp वाट Download गरि प्राप्त गर्न सकिने छ वा यस गाउँपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**


# अर्घाखाँचीमा बढ्यो चुनावी सरगर्मी



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची,१४ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिएसँगै अर्घाखाँचीमा विभिन्न राजनीतिक दलका उम्मेदवारहरूको दौडधुप बढेको छ। उम्मेदवारहरूले जनताको घरदैलोमा पुगेर मत माग्न थालेसँगै गाउँघरमा चुनावी माहोल सुरु भएको छ।

हाल नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी (राप्रपा) र केही स्वतन्त्र उम्मेदवारहरू दैनिक रूपमा जनतालाई भेट्दै आफ्नो पक्षमा मत मागिरहेका छन्। अर्घाखाँची जिल्लामा ६ पालिका र ६१ वडामा चुनावी तयारी अगाडि बढाइएको छ।

नेपाली कांग्रेस अर्घाखाँचीले माघ १३ गतेदेखि गाउँ केन्द्रित कार्यक्रममार्फत जनताको घरदैलोमा पुगेर मत माग्न थालेको छ। कांग्रेसका प्रतिनिधि सभाका उम्मेदवार बिष्णु प्रसाद खनाल'मुस्कान'शिक्षक जागिर छाडेर पार्टीमा ४० वर्षभन्दा बढी समयदेखि सक्रिय रहँदै आएका र पार्टीभित्र दागमुक्त प्रखर नेता हुन्। उनी २०७४ सालमा प्रदेश सांसद पदको लागि उम्मेदवार भइसकेका थिए।

नेकपा एमालेले पार्टी अध्यक्ष पिताम्बर भुसाललाई पहिलोपटक उम्मेदवार बनाएको छ भने नेपाली कम्युनिस्ट पार्टीले केन्द्रीय सदस्य रामबहादुर चौहानलाई उम्मेदवार बनाएको छ। यी दुबै उम्मेदवार पहिलोपटक चुनावी मैदानमा होमिएका हुन्।

राष्ट्रिय स्वतन्त्र पार्टीले जिल्ला सभापति हरिप्रसाद भुसाललाई उम्मेदवार बनाएको छ। भुसालको यो तेस्रो निर्वाचन प्रतिस्पर्धा हो र उनी सन्धिखर्कमा व्यापार गर्दै आएका युवा नेता हुन्।

२०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा एमालेका नेता टोपबहादुर रायमाझी र प्रदेशसभा १ मा चेतनारायण आचार्य, २ मा रामजी प्रसाद घिमिरे विजयी भएका थिए। स्थानीय तह निर्वाचनमा नेकपा एमालेले ४ पालिकाका प्रमुख र २ उपप्रमुख जितेको थियो।

अहिले गाउँ फर्केका नेताहरूको सक्रियता र प्रचारसँगै अर्घाखाँचीका स्थानीय नागरिकहरू कुन दललाई मत दिने भन्ने बहसमा व्यस्त छन्।

अर्घाखाँचीमा एक प्रतिनिधिसभा र दुई प्रदेशसभा निर्वाचन क्षेत्र रहेका छन्। यस निर्वाचनमा कुल १ लाख ७१ हजार ६ सय ५२ मतदाता छन्, जसमा पुरुष ८७ हजार १ सय ५७ र महिला ८४ हजार ४ सय ९५ जना छन्। जिल्लाभरी १ सय २१ मतदान स्थल र २ सय ९ मतदान केन्द्रमा कर्मचारी खटाउने तयारी अन्तिम चरणमा पुगेको छ।


## पूर्वाधार विकास कार्यालय
**विराटनगर, मोरङ**
**कोशी प्रदेश, नेपाल**

## पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख बिरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पूर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कार बाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।



## युएईमा रोजगार
कम्पनी: Alkrifa For Building Cleaning Services CO. L.L.C S.O.C शहर: UAE,DUBAI
पूर्व स्वीकृत मिति: २०८२/१०/१४ चलानी नं.: ६०२५१४३४ LT. No.: 337868

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रू. | | | | | | | |
| 1. | Cleaner General | 8 | 0 | स. काममा दक्ष | 1100 | ४३,८६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ २२ गते (5 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ३१०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BLUE MOON OVERSEAS NEPAL PVT. LTD.**
श्रम ईजाजत पत्र नं. ३१२/०५९/०६०
चाबहिल- ७, काठमाडौं, फोन: ०१ - ४५८८१३६| 9851023534, Email- bluemoonoverseas312@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१५ माघ २०८२ बिहीबार
29 January 2026 Thursday

## सम्पादकीय

# निपाहमा सतर्कता अपनाऊ

भारतको पश्चिम बंगालमा पुनः देखिएको निपाह भाइरसले दक्षिण एसियाली क्षेत्रमै गम्भीर स्वास्थ्य जोखिमको संकेत गरेको छ । ४० देखि ७५ प्रतिशतसम्म मृत्युदर रहेको, खोप वा प्रभावकारी औषधि नबनिसकेको यो भाइरस विश्वका सबैभन्दा घातक संक्रमणमध्ये एक मानिन्छ । विगतमा मलेसिया, केरला र पश्चिम बंगालमै देखिएको प्रकोपले सयौं मानिसको ज्यान लिइसकेको छ । यसपटकको पुनरावृत्तिलाई सामान्य रूपमा लिएर आवश्यक सावधानी नअपनाउनु नेपालजस्ता छिमेकी मुलुकका लागि ठुलो भूल हुनेछ । निपाह भाइरसको संक्रमण सुरूमा ज्वरो आउने, टाउको दुख्ने, जिउ दुख्ने, खोकी र वान्ताजस्ता सामान्य लक्षण देखिन्छ । तर त्यो अवस्था छिट्टै जटिल बन्छ । संक्रमण बढ्दै जाँदा मस्तिष्क सुन्निने र श्वासप्रश्वासमा समस्या आई बिरामी छिट्टै कोमामा जाने र मृत्युसमेत हुन सक्छ । कतिपय अवस्थामा संक्रमित व्यक्ति ४८ घण्टाभित्रै कोमामा पुग्ने गरेको विगतका तथ्यले देखाएको छ । चमेरा, सुँगुर र संक्रमित मानिसको नजिकको सम्पर्कबाट मानिसमा सर्ने भएकाले यो भाइरस समुदायस्तरमै फैलिन सक्ने जोखिम रहन्छ ।

भारतसँग खुला सीमा रहेको नेपालजस्ता मुलुकका लागि यो स्थिति अझै संवेदनशील छ । नेपालमा हालसम्म निपाह भाइरस पुष्टि नभए पनि मानिसको भारतसँगको आवतजावत, व्यापार र श्रम आप्रवासनका कारण जोखिम उच्च छ । सरकारले १३ वटै सीमानाकामा सुरक्षा व्यवस्था कडा बनाएको छ । स्वास्थ्यकर्मी परिचालन गर्नुका साथै काठमाडौं तथा भैरहवाका अन्तर्राष्ट्रिय विमानस्थलमा स्क्रिनिङ सुरू गरेको छ । तर सीमा निगरानी मात्र पर्याप्त हुँदैन । नेपालजस्ता छिमेकी मुलुकले समुदायस्तरमा निगरानी प्रणाली व्यवस्थित गर्न जरूरी छ । स्वास्थ्य संस्थालाई तयारी अवस्थामा राख्न र शंकास्पद लक्षण देखिए तत्काल परीक्षण र आइसोलेसनको व्यवस्था गर्नुपर्छ । साथै, आमनागरिकले काँचो खजुरको रस नपिउने, चमेरोले टोकेका वा झरेका फलफूल नखाने, हात धुने, मास्क लगाउने र भीडभाडमा सतर्कता अपनाउने बानी बसाल्न जरूरी छ । निपाह भाइरसको खतरा कुनै देशको सीमाभित्र सीमित रहँदैन । त्यसैले तत्कालै अनावश्यक डर फैलाउनेभन्दा पनि समयमै सचेत, जिम्मेवार र सावधानीका उपयुक्त कदम चाल्नु नै नेपालजस्ता छिमेकी मुलुकका लागि सबैभन्दा प्रभावकारी उपाय हो । आजको सतर्कताले भोलिको ठुलो क्षति रोक्न सक्छ ।

# निर्वाचनमा सामाजिक सञ्जाल

*जनतामा स्वतन्त्र रूपमा आफ्ना जनप्रतिनिधि छान्ने अधिकार निहित छ । भ्रामक समाचार वा सन्देश फैलाएर जनताको मत प्रभावित गर्ने प्रयास लोकतन्त्रकै उपहास हो ।*

अग्रलेख



● झलक शर्मा

फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन हुँदैछ । मुलुकको विकास, सुशासन र नीति निर्माणमा सबैको समावेशी प्रतिनिधित्वको परिकल्पना निर्वाचनबाट गरिएको छ । विशेषगरी जेनजी आन्दोलनले खोजेको र चाहेको परिवर्तनलाई संस्थागत गर्न यो निर्वाचन विशेष महत्वपूर्ण रहेको छ ।

नेपालको निर्वाचन प्रणाली मिश्रित प्रकृतिको छ । प्रत्यक्षतर्फ १६५ र समानुपातिकतर्फ ११० गरी कुल २७५ सदस्य प्रतिनिधि सभामा सहभागी हुने अवसर प्राप्त गर्दछन् । निर्वाचनमा स्वतन्त्रता, स्वच्छता, निष्पक्षता, पारदर्शिता, मितव्ययिता तथा भयमुक्त वातावरण कायम राख्नका लागि निर्वाचन आचारसंहिता २०८२ कार्यान्वयनमा ल्याइएको छ । निर्वाचन आचारसंहिता उम्मेदवार, राजनीतिक दल, दलका कार्यकर्ता, पर्यवेक्षक, सरकारी कर्मचारी, सञ्चारमाध्यमलगायत सबैमा लागू हुन्छ । यसलाई निर्वाचनका लागि बाध्यकारी दस्तावेजका रूपमा बुझ्नुपर्छ ।

आजभोलि निर्वाचनका समयमा सञ्चारमाध्यम र सामाजिक सञ्जालको भूमिका अत्यन्त महत्वपूर्ण बन्दै गएको छ । सामाजिक सञ्जालमा जसको प्रशंसा र गुनगान गरिन्छ वा जसको विरुद्ध नकारात्मक सन्देश फैलाइन्छ, चुनावी परिणाम पनि प्रायः त्यहीअनुसार आउने गरेको देखिन्छ । सामाजिक सञ्जालको दुरुपयोग गरी चुनाव जित्ने दुश्साहस बढ्दै गएको छ, जसले मतदातालाई भ्रमित पार्ने काम गरेको हुन्छ । दल तथा कार्यकर्ताले सामाजिक सञ्जालमा हस्तक्षेप गर्ने, चुनावअघि नै मत परिणामबारे टिकाटिप्पणी गर्ने र अफवाह फैलाउने गलत प्रवृत्ति हावी हुँदै गएको छ ।

सामाजिक सञ्जालमै मतका लागि पोल निर्माण गर्ने, मतदान गरेको मत सार्वजनिक गर्ने अभ्यास देखिन थालेको छ । विगतका व्यक्तिगत प्रतिशोध साँध्न पनि सामाजिक सञ्जाल प्रयोग भएको पाइन्छ । अनौपचारिक रूपमा बोलेका वा बोल्दा बिग्रिएका कुरालाई भिडियो काटछाँट गरी पोस्ट गर्ने, भ्युज, सेयर र कमेन्ट बटुल्न पुष्टि नभएका समाचार सम्प्रेषण गर्ने गलत मानसिकता सामाजिक सञ्जाल प्रयोगकर्तामा बढ्दो छ ।

निर्वाचन आचारसंहिताले गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने स्पष्ट गरेको छ । निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा फर्जी एकाउन्ट सञ्चालन गर्न, झुटा साइट खोल्न वा सञ्चालन गर्न नहुने उल्लेख गरिएको छ । त्यसैगरी कसैको चरित्र हत्या गर्ने, व्यक्तिगत लाञ्छना लगाउने, मानहानी गर्ने वा यस्तै प्रकृतिका सामग्री उत्पादन, प्रकाशन वा प्रसारण गर्न नपाइने व्यवस्था गरिएको छ ।

उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मतदान सम्पन्न नभएसम्म उम्मेदवार वा राजनीतिक दलको मतपरिणाम सम्बन्धी मत सर्वेक्षण गर्न, त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न वा प्रकाशन गर्न नहुने विषय पनि आचारसंहितामा समावेश छन् । जात-जाति, भाषा, धर्म, सम्प्रदाय, लिङ्ग र क्षेत्रबीचको सम्बन्ध तथा सद्भावमा खलल पार्ने, भेदभाव हुने गरी समाचार प्रकाशन वा प्रसारण गर्न पाइँदैन । मतदाताको गोपनीयतामा आँच आउने कुनै पनि कार्य गर्न निषेध गरिएको छ । यदि निर्वाचन आचारसंहिता उल्लंघन भएमा निर्वाचन कसुर तथा सजाय ऐन, २०७३ बमोजिम कारबाही र दण्ड-सजायको व्यवस्था गरिएको छ ।




केही सञ्चारकर्मीहरू पत्रकारिताको मूल्य, मान्यता र आचारसंहितालाई बेवास्ता गर्दै कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार-प्रसारमा संलग्न भएको देखिन्छ । कतिपय सञ्चारमाध्यमले निर्वाचनअघि नै मत सर्वेक्षण गर्ने गरेका छन् । सधैं चर्चामा रमाउने नेतृत्वको शैलीलाई पछ्याउँदै सञ्चारमाध्यमले पनि सामाजिक सञ्जालबाट लाभ वा अवसर लिने प्रयास गरेको देखिन्छ । नयाँ दलले गरेका साना गल्ती र कमजोरीलाई समेत फरक कोणबाट समाचार बनाएर प्रशंसा बटुल्ने प्रवृत्ति पनि उत्तिकै छ ।

अन्तर्वार्ता लिँदा समेत अपरिपक्वता देखिन्छ । सही विचार, समय सन्दर्भ र घटनाको विश्लेषण गर्न नसकी टिकटकमा भाइरल भएका व्यक्तिलाई अन्तर्वार्तामा सहभागी गराएर कार्यक्रम चर्चामा ल्याउने प्रयास गरिएको पाइन्छ । यस्तो प्रवृत्तिले तत्काल लाइक, सेयर र भ्युज त बढाउन सक्छ, तर दीर्घकालमा पत्रकारिताप्रतिको जनविश्वास कमजोर हुँदै जान्छ ।

अर्कोतर्फ, राजनीतिक दलहरूले पनि सञ्चारमाध्यमलाई आफ्नो पक्षमा वकालत गराउने माध्यमका रूपमा प्रयोग गरिरहेका छन् । सञ्चारमाध्यममार्फत जनतामाझ आफू सक्रिय रहेको सन्देश फैलाउन दलहरू लालायित देखिन्छन् । नेपालको राजनीतिमा स्टन्ट र भीडतन्त्रको प्रभाव पनि बढ्दै गएको छ । सामाजिक सञ्जालमा गालीगलौज गर्ने, क्षणिक लोकप्रियताका लागि विपन्न वर्गसँग हातेमालो गरेजस्तो देखाउने नयाँ प्रवृत्तिहरू देखा परेका छन् । यस्ता गतिविधिले राजनीतिक स्थिरता र जनताका दीर्घकालीन समस्याको समाधान गर्न सक्दैन ।

